# नेपाल राष्ट्र बैंक

## राष्ट्र ऋण व्यवस्थापन विभाग

थापाथलीको

**आ.व. २०६२/६३ मा बजार निर्माताको इजाजत लिनको लागि दरखास्त आव्हान गरिएको सुचना**

श्री ५ को सरकारद्वारा निष्कासित राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्र तथा विकास ऋणपत्रहरुको प्राथमिक तथा दोश्रो बजार मार्फत त्यस्ता ऋणपत्रहरुको खरीद बिक्रीको कारोवार गरी बजार निर्माताको रुपमा कार्य गर्न ईच्छुक तर ईजाजत पत्र नलिएका बैंक तथा वित्तीय संस्थाहरुबाट २०६१ आषाढ मसान्तको अन्तिम लेखापरीक्षण भएको वासलात तथा २०६२ बैशाख मसान्तको अपरिष्कृत वासलात, बैंक तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली, नेपाल राष्ट्र बैंकले वित्तीय कारोवार गर्न स्वीकृती दिएको पत्रको प्रतिलिपि साथै नेपाल राष्ट्र बैंक, ना.नो.आ.हि. फुटकर हिसावमा दस्तुर बापत जम्मा गरेको रु.१,०००।- को सक्कल भौचर सहित देहायका शर्तहरुको अधिनमा रही **२०६२ साल जेष्ठ २७ गते भित्र** नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग, थापाथलीमा आइपुग्ने गरी दरखास्त आव्हान गरिएको छ ।

१. बैंक तथा वित्तीय संस्थाको चुक्ता पूँजी (Paid-up Capital) काठमाडौं उपत्यका भित्रका लागि कम्तिमा रु.एक करोड र उपत्यका बाहिरकाको हकमा रु. पच्चीस लाख हुनु पर्नेछ ।

२. नेपाल राष्टबैंकबाट वित्तीय कारोवार गर्न ईजाजत प्राप्त गरी कारोवार शुरु गरेको एक पूरा भएको हुनु पर्नेछ ।

साथै, आर्थिक वर्ष २०६१/६२ को लागि बजार निर्माताको ईजाजत पत्र लिएका बजार निर्माताहरुको ईजाजत पत्र नविकरण सम्बन्धमा पुरानो ईजाजत पत्रको प्रतिलिपि, २०६१ आषाढ मसान्तको अन्तिम लेखापरीक्षण भएको वासलात, २०६२ बैशाख मसान्तको अपरिष्कृत वासलात र नेपाल राष्ट्र बैंक, ना.नो.आ.हि. फुटकरमा रु.१००।- जम्मा गरेको सक्कल भौचर संलग्न गरी माथि उल्लेखित म्यादभित्र निवेदन पेश गर्नु पर्नेछ । म्यादभित्र निवेदन नदिएको खण्डमा थप सात दिनसम्मका लागि एकहजार रुपैयाँ थप दस्तुर तिरी निवेदन दिन सकिनेछ । तर, यसरी थप म्यादभित्र समेत नवीकरणका लागि निवेदन पेश नगरेमा त्यस्ता बजार निर्माताको ईजाजत पत्र स्वत: रद्द भएको मानिनेछ ।